छलफलका विषयहरु:-

१. प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक सम्बन्धमा
२. वर्षातवाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण
३. PEOC लाई Strengthen गर्ने सम्बन्धमा
४. विविध

निर्णयहरु :-

१. अद्यावधिक गरिएको मधेश प्रदेशको "प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना" स्वीकृत गर्ने ।
२. हाल वर्षातको मौसम रहेकोले बाढी, डुबान, कटान, चट्याङ्ग लगायतका घटनाहरुवाट हुन सक्ने धन, जनको क्षतिलाई न्यूनीकरण गरी राहत, उद्धार कार्यलाई तदारुकताका साथ गर्न गराउन सबै सरकारी एवं गैरसरकारी निकायहरुलाई निर्देशन दिने ।
३. नेपाली सेना, मधेश प्रदेश प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलले उपलब्ध स्रोत, साधन एवं उपकरणहरुको प्रयोग गरी राहत, उद्धार कार्यहरु गर्ने गराउने । सो कार्यमा आवश्यक सहयोग, सहजीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई अनुरोध गर्ने ।
४. Cluster Approach लाई पूर्ण रुपमा अवलम्बन गर्ने एवं विषयगत मन्त्रालयहरुले आ-आफ्नो Cluster को आवश्यक बैठक समय समयमा गर्ने गराउने । Cluster विभाजन र जिम्मेवारी प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए बमोजिम हुनेछ ।
५. नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरु र सहयोगी UN Agencies ले राहत सामग्रीहरु तयारी अवस्थामा राख्ने र गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेशसँग समन्वय गरी जिल्ला विपद् व्यवस्थापन समितिहरु र स्थानीय विपद् व्यवस्थापन समितिहरु मार्फत एकद्वार नीतिको अवलम्बन गरी विपद्का घटनावाट पीडितहरुलाई राहत सामग्रीहरु वितरण गर्ने गराउने राहत वितरण गर्दा स्थानीय सुरक्षा निकायसँग पर्याप्त समन्वय गर्ने र राहत वितरणको जानकारी प्रदेश विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने ।
६. प्रदेश स्वास्थ्य मन्त्रालयले औषधी सहितको स्वास्थ्य उपचार व्यवस्था र प्रदेश खानेपानी मन्त्रालयले शुद्ध खानेपानी एंव सरसफाइको पर्याप्त व्यवस्था मिलाउन तयारी अवस्थामा रहने यसको लागि रेडक्रस सोसाइटी, UNICEF, WHO, UNDP, Save The Children, Plan International, world Vision लगायत अन्य गैर सरकारी निकायहरुले सहयोग गर्ने ।
७. प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र (PEOC) को सञ्चालन प्रभावकारी बनाउन तथा सुरक्षा निकायहरु बीच विपद् प्रतिकार्यमा समन्वयलाई अझ मजबुद बनाउन उक्त केन्द्रमा नेपाली सेना र सशस्त्र प्रहरी बलवाट समेत जनशक्ति खटाईदिन अनुरोध गर्ने । साथै उक्त केन्द्रको लागि आवश्यक सञ्चार उपकरणहरु सहयोगका लागि NDRRMA, UNDP लाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

८. लम्पी स्किन रोग (LSD) नियन्त्रणको लागि आवश्यक LSD Vaccine खरिद गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई ७७,००,०००।- (सतहत्तर लाख) रुपैंया उपलब्ध गराउने र यसको शोधभर्नाका लागि प्रदेश विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्य योजना स्वीकृत गर्ने सम्बन्धमा प्रदेशको विभिन्न स्थानमा कार्यशाला गोष्ठी आयोजना गर्ने यसको लागि सहयोगी संस्थाहरुसँग सहकार्य र सहयोग जुटाउने निर्णय गरियो ।

१०. विपद् सम्बन्धी अति आवश्यक सामग्रीहरु खरिद गर्नको लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट आठ वटै जिल्ला प्रशासन कार्यालयलाई पाँच लाख रुपैयाँका दरले उपलब्ध गराउने निर्णय गरियो ।